# कालिगण्डकी गाउँपालिकाको विनियोजन ऐन २०७५

## कालिगण्डकी गाउँपालिकाको आर्थिक बर्ष २०७५/२०७६ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चितकोष बाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्थागर्न बनेको ऐन

सभाबाट स्वीकृत मितिः २०७५/०३/२९

**प्रस्तावनाः**.कालिगण्डकी गाउँपालिकाको आर्थिक बर्ष २०७५।०७६ को सेवा र कार्यहरुको लागि सञ्चितकोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२९ को उप-धारा (२)बमोजिम कालिगण्डकीगाउँ सभाले यो ऐन बनाएको छ।

१.**संक्षिप्तनामर प्रारम्भः (१)**यस ऐनको नाम " कालिगण्डकी गाउँपालिकाको विनियोजन ऐन, २०७५" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२.**आर्थिक वर्ष २०७५।०७६को निमित्त सञ्चितकोषबाट रकमखर्च गर्ने अधिकारः** (१)आर्थिकवर्ष २०७५।०७६ को निमित्तगाउँ कार्यपालिका, वडा समिति, विषयगत शाखालेगर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची १ मा उल्लिखित चालू खर्च, पूँजिगतखर्च र बित्तिय व्यवस्थाको रकम समेत गरी जम्मा रकम रु.३३,७९,२८०००। (अक्षेरुपी तेत्तीस करोड उन्नावसी लाख अठाई हजार रुपैया मात्र) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चितकोषबाट खर्च गर्न सकिनेछ।

३. **विनियोजनः (१)** यस ऐनद्धारा सञ्चितकोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०७५।०७६ को निमित्त कालिगण्डकी गाउँ कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ।

(२)उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकम मध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा गाउँकार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ। यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको २५ प्रतिशत मा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षक हरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ। कुनै शिर्षकमा रकम खर्च नभएमा पूर्ववत तोकिएको शिर्षकमा वा नयाँ शिर्षमा शीर्षकान्तर गर्न सकिने छ। पूँजिगतखर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षक मा बाहेक अन्य चालू खर्च शीर्षकतर्फ सार्न र बित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्च तर्फ बिनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षक मा बाहेक अन्यत्र सार्न सकिने छैन।

तर चालु तथा पूँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ । साथै चालु प्रकृतिको शीर्षबाट पूँजिगत प्रकृतिको शिर्षकमा खर्च गर्न पाईने छैन । कुनै पनि वडाको रकम रकमान्तर वा शिर्षकान्तर गर्नको लागि अध्यक्ष,उपाध्यक्ष र सम्बन्धित वडाको वडा अध्यक्षको परामर्शमा गर्नु पर्ने छ ।

(३)उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएता पनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको २५ प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा गाउँसभाको स्वीकृति लिनु पर्नेछ ।

आय तर्फ

| | | |
|---|---|---|
| १.आन्तरिक आय | | रु १५,०००००। |
| २.राजस्व बाँडफाँडा संघबाट | | रु ५,२७,२७०००। |
| ३.विषयगत सर्शत अनुदान | | रु १४,२९,०००००। |
| ४ वित्तिय समानीकरण संघ | | रु ६,९३,०००००। |
| ५.विधुत रोयल्टी | | रु ८०,०००००। |
| ६.प्रदेश सरकारबाट प्राप्त | | रु १,८७,०१०००। |
| क)वित्तिय समानीकरण अनुदान | रु ४०६६०००। | |
| ख) सर्शत अनुदान | रु ९६०००००। | |
| ग) सवारी साधन राजश्व बाँडफाँड | रु ५०३५०००। | |
| ७. सामाजिक सुरक्षा | | रु ४,५०,०००००। |
| ८.अन्य | | |
| कुल जम्मा | | रु ३३,७९,२८०००। |

अक्षरुपि तेत्तिस करोड उन्नावसी लाख अठ्ाईस हजार